नेपाल नागरिक उड्डयन प्राधिकरण

**नेपालगञ्ज नागरिक उड्डयन कार्यालय**

**बाँके**

# टर्मिनल भवन (रेष्टुरेन्ट सञ्चालनका लागि) बहाल ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/०७ गते)

नेपालगञ्ज नागरिक उड्डयन कार्यालयको टर्मिनल भवन भित्र जम्मा ८८.०३ बर्ग मि. क्षेत्रफल भएको स्थानमा रेष्टुरेन्ट सञ्चालन गर्ने प्रयोजनका लागि भवन बहाल ठेक्काको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले स्टार बर्गिकरणमा परेका होटल रेष्टुरेन्टहरुबाट निम्न ठेक अंकमा नघटने गरी निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा काठमाण्डौं विशालबजारस्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु. १,१३०/- (अक्षरेपीः एक हजार एक सय तिस रुपैयाँ मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र खरिद गरी १६ (सोह्रौं) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको १४:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नु पर्नेछ।

४. टर्मिनल भवन भित्र रेष्टुरेन्ट सचालनका लागि उपलब्ध गरेको क्षेत्रमा कुनै स्थायी संरचना निर्माण गर्न पाइने छैन। बहाल सेवा सञ्चालनको लागि ठेक्का अवधि (२०८१ मसिर १ देखी २०८२ कार्तिक मसान्त) सम्म १ (एक) वर्षको हुनेछ। सो अवधिको न्यूनतम् ठेक अंक रु.१२,६९,३३२/७४ (अक्षरेपीः बाह्र लाख उनान्सत्तरी हजार तिन सय बत्तिस रूपैया चैहत्तर पैसा मात्र) कायम गरिएको छ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुका हिस्सेदारहरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नु पर्नेछ

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम नेपालगंज नागरिक उड्डयन कार्यालयको नाममा सिदार्थ बैंक लिमिटेड नेपालगंज शाखामा रहेको धरौटी खाता नम्बर ०१५१५०८०४४३ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी नेपालगञ्ज नागरिक उड्डयन कार्यालय, नेपालगञ्ज बाँकेलाई सम्बोधन गरी नेपालगञ्ज नागरिक उड्डयन कार्यालय मा दर्ता गराउनु पर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र http: airports.caanepal.gov.np/nepalgunj मा उपलब्ध हुनेछ

१३. यस सूचनामा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।

सम्पादकः कृष्ण ओली। कर्पोरेट कार्यालयः काठमाडौं-१३, सेतोपुल। प्रादेशिक कार्यालयः वीरेन्द्रनगर सुर्खेत। धनगढी कैलाली र लुम्बिनी दाङ। गण्डकी पोखरा
त्वल। प्रधान कार्यालय : कोहलपुर-११, बाँके। फोनः ०८१-५४१६०८, ९८५८०२३०६९। मुद्रणः मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)

Scanned with CamScanner